आज मिति २०८१ मंसिर १० गते सोमवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी (सचिव)

४. वडा अध्यक्ष श्री गणेश बहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज बहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि बहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन बराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

१६. वडा अध्यक्ष श्री सोम बहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री रामी नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोका

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रमतेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. क.वा. अध्यक्ष श्री राजन अधिकारी

२६. क.वा. अध्यक्ष श्री सुनिल थापा मगर

<u>अन्य आमन्त्रित उपस्थिति</u>

१. श्री अर्जुन श्रेष्ठ - वरिष्ठ लेखा अधिकृत

२. श्री सरोज तिवारी - निजि सचिव

मितिः २०८१।०८।१० गते

**<u>बैठकमा छलफलका विषयहरु:</u>**

१. नगर सभालाई शान्त र भव्य रुपमा सम्पन्न गर्ने सम्बन्धमा।

२. नगर सभाका एजेण्डाहरुका सम्बन्धमा।

३. नगर प्रहरी विधेयक,२०८१

४. नगर कृषि विधेयक,२०८१

५. सहकारी ऐनको पहिलो संशोधनका सम्बन्धमा।

६. जेष्ठ नागरिकहरुको समन्वय,सहजिकरण तथा सुविधा व्यवस्थापन सम्बन्धी कार्यविधिका सम्बन्धमा।

७. नगर प्रहरीको दरबन्दी तेरिज र संगठन संरचनाका सम्बन्धमा।

८. आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी सम्परिक्षणका लागि सिफारिस गर्ने सम्बन्धमा।

९. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

१०. बजेट कार्यक्रमहरु संशोधन सम्बन्धमा।

११. आर्थिक ऐन संशोधन गर्ने सम्बन्धमा।

१२. दरबन्दी थप गर्ने सम्बन्धमा।

१३. दीर्घरोगी, मासिक सुविधा- गरिबी परिचयपत्र नभएका वास्तविक नागरिकहरुलाई पनि उपलब्ध गराउने सम्बन्धमा।

१४. नागरिक वडापत्र- QR code बनाउने सम्बन्धमा।

१५. डिप बोरिङ्ग वडा नं. ७ बजेट संशोधन सिफारिसका सम्बन्धमा।

१६. योजना कार्यान्वयनका लागि सिफारिस सम्बन्धमा।

१७. वैदेशिक भ्रमणका लागि मनोनयन गर्ने सम्बन्धमा।

१८. प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि विनियोजित योजना तथा कार्यक्रम संशोधनका सम्बन्धमा।

१९. डिप बोरिङ्ग रकम भुक्तानी दिने सम्बन्धमा (वडा नं. ७)

२०. संगठनात्मक सर्वेक्षणका लागि समिति गठनका सम्बन्धमा।

२१. मनकामना आ.वि. वडा नं. ५ लाई शैक्षिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।

२२. न्यायिक सहजकर्ताको पद परिवर्तनका सम्बन्धमा।

२३. फोहोरमैला व्यवस्थापन तथा शुल्कमा छुट प्रदान गर्ने सम्बन्धमा।

२४. विद्यालय व्यवस्थापन समितिको म्याद थप सम्बन्धमा।

२५. सवारी साधन खरिद सम्बन्धमा।

२६. अख्तियारी दिने सम्बन्धमा।

२७. घर नक्सा पास तथा अभिलेखिकरणका सम्बन्धमा।

२८. ग्लोबल आईएमई बैंकमा रकम जम्मा गर्ने सम्बन्धमा।

२९. एक वडा एक उत्पादनका लागि वडा तथा बाली/वस्तु छनौट सम्बन्धमा।

३०. मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत नेपाल बैंक मार्फत सहुलियतपूर्ण कर्जा लिएका उद्यमीहरुका सम्बन्धमा।

३१. जग्गा उपलब्धताको सिफारिस सम्बन्धमा।

३२. तरकारी प्रशोधन केन्द्र निर्माण स्थल तयार गर्ने सम्बन्धमा।

३३. अन्य विविध विषयहरुका सम्बन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८१।०८।१० गते

## निर्णयहरु:

१. नगर सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्ने सम्बन्धमा:,
नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाचौं अधिवेशनबाट चालु आर्थिक वर्षको लागि स्वीकृत नीति,कार्यक्रम तथा बजेटका सम्बन्धमा एवम् आर्थिक ऐन तथा विनियोजन ऐन,२०८१ का सम्बन्धमा कार्य प्रगति सहित आवश्यक संशोधान, छलफल तथा निर्णयका लागि यस नगरपालिकाको छैटौं नगरसभाको बैठक (दोस्रो नगर सभाको छैठौं अधिवेशन) मिति २०८१ मंसिर १२ गते बुधबारका दिन प्रारम्भ हुने हुदाँ उक्त नगर सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्ने र सोका लागि सम्पूर्ण आवश्यक पूर्व तयारी गर्ने निर्णय गरियो।

२. नगर सभाका एजेण्डाहरुका सम्बन्धमा:,
नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको छैटौं अधिवेशन मिति २०८१ मंसिर १२ गतेदेखी प्रारम्भ हुन गइरहेकोमा नगरसभामा पेश गर्न देहायका विषयहरु स्वीकृत गर्ने र सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

तपसिल

क. कार्यसूचि सम्बन्धमा,

१.नगर प्रमुखद्वारा प्रस्तुत गरिने चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन

२. नगर उप-प्रमुखद्वारा प्रस्तुत हुने चालु आ.व. २०८१/२०८२ को संशोधित बजेट तथा कार्यक्रम,

३.विधेयक प्रस्तुती

- कृषि विधेयक,२०८१
- नगर प्रहरी विधेयक,२०८१
- सहकारी ऐन,२०७४ को प्रथम संशोधन विधेयक

४.दरबन्दी सिर्जना स्वीकृति

- नायब प्रहरी निरिक्षक-१ जना
- प्रहरी हवल्दार-२ जना
- प्रहरी जवान-४ जना

प्रमुख प्रशासकीय अ...

- कम्प्यूटर अपरेटर-२ जना (शिक्षा शाखा र राजश्व शाखा)
- घरवाहल संकलक - १ जना
- मेलमिलाप सहजकर्ता -१ जना (न्यायिक समिति)
- कार्यालय सहयोगी - २ जना
- फोहोरमैला संकलन - २ जना
- नगर अनुदान शिक्षक तर्फका दरवन्दीहरु सिर्जना गर्ने - ४२ वटा

५. लेखापरिक्षण प्रतिवेदन तथा वेरुजु फर्छ्यौटका लागि सिफारिस

६. संगठनात्मक सर्वेक्षणका लागि समिति गठन गर्ने

७. तरकारी बजारको सम्झौता सम्बन्धमा

८. कार्यक्रम संशोधन सम्बन्धमा

९. कुनै कारणले बचत हुन जाने समानिकरण तथा आन्तरिक आम्दानीको रकमबाट कार्यपालिकाले कार्यक्रम बनाइ खर्च गर्ने गरी कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

१०. राजश्व परामर्श समितिको सिफारिस
- आर्थिक ऐन,२०८१ संशोधन

११. चालु आ.व. २०८१/०८२ को चालु तथा पूँजिगत खर्चको समिक्षा प्रतिवेदन,

१२. न्यायिक समितिको प्रतिवेदन,

१३. योजना तथा कार्यक्रमहरुमा स्वीकृति

१४. नगरकार्यपालिकाका निर्णयहरु तथा अन्य समितिहरुका निर्णयहरु उपरको समिक्षा एवम् स्वीकृति,

१५. अन्य विविध विषयका सम्बन्धमा।

३. नगर प्रहरी विधेयक,२०८१ का सम्बन्धमा:

नगरपालिकाको नगर प्रहरी सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउदै संगठनात्मक संरचनामा समेत समसामायिक परिमार्जन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै नगर प्रहरी ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएकोले स्वीकृतिका लागि पेश भएको नगर प्रहरी विधेयक, २०८१ नगर सभामा पेश गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

४. कृषि विधेयक, २०८१ का सम्बन्धमा:

नगरपालिकाको भौगोलिक क्षेत्रमा हुने कृषि उपजहरुको संरक्षण, प्रवर्द्धन र कृषकहरुलाई आधुनिक कृषि प्रणालीमा अभिप्रेरित गरी नगरको समग्र आर्थिक बिकासमा टेवा पुऱ्याउन एवम् कृषक मैत्री सेवालाई चुस्त र दुरुस्त बनाइ कृषकका समस्याहरु समाधान गरी सहज रुपमा सेवा सुविधा उपलब्ध गराउनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिकोले कृषि ऐन तर्जुमा गर्नुपर्ने देखिएकोले स्वीकृतिका लागि पेश भएको कृषि विधेयक, २०८१ नगर सभामा पेश गर्ने निर्णय गरियो।

५. सहकारी ऐन, २०७४ को पहिलो संशोधनका सम्बन्धमा:

नगरपालिकाको सिमा भित्र रहेका सहकारी संस्थाहरुको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमवाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवम् दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न तर्जुमा भएको सहकारी ऐनमा आवश्यक संशोधन सहित पेश भएकोमा स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

६. जेष्ठ नागरिकहरुको समन्वय, सहजीकरण र व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१ स्वीकृत गर्ने सम्बन्धमा:

नगरपालिका भित्रका जेष्ठ नागरिकहरुको सम्मान, सामाजिक न्याय, सामाजिक संरक्षण र संविधानता प्रद्वत आधिकारहरुलाई आत्मसात गराउन एवम् नगरपालिकावाट उपलब्ध हुने सेवा सुविधाको सहज रुपमा हस्तान्तरण गर्न/गराउनका लागि कानूनी व्यवस्था गर्न आवश्यक भई तर्जुमा भएको जेष्ठ नागरिकहरुको समन्वय, सहजिकरण र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

७. नगर प्रहरीको दरबन्दी तेरिज र पदपुर्ति सम्बन्धमा:

क. दरबन्दी तेरीज सम्बन्धमा

नीलकण्ठ नगरपालिकाको कार्यालय व्यवस्थापन, बजार व्यवस्थापन विपद् व्यवस्थापन, सुरक्षा व्यवस्थापन लगायत नगरप्रहरीले कार्यसम्पादन गर्ने कामकाज र कार्यबोझ अनुसार

नीलकण्ठ नगरपालिकामा हाल करार सेवामा कार्यरत १० जना नगर-प्रहरीहरुको संख्या कम भई कार्यसम्पादनमा असहजता भएको हुदाँ तपसिल बमोजिम हुने गरी नगर प्रहरीको दरवन्दी सिर्जना गर्ने नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

- नगर प्रहरी निरिक्षक - १ जना
- नगर प्रहरी नायव निरिक्षक -१ जना
- नगर प्रहरी सहायक निरिक्षक -१ जना
- नगर प्रहरी हवलदार - ३ जना
- नगर प्रहरी जवान - ११ जना

ख. पदपूर्ति सम्बन्धमा।

नगरपालिकाको काममा प्रभावकारीता बृद्धि गर्दै सरसफाइ तथा विपद् व्यवस्थापनमा समेत सक्षमता अभिबृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) बमोजिम हुने गरी नगर प्रहरी तर्फका देहायका पदहरु तत्काल पदपूर्ती गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

- नायव प्रहरी निरिक्षक-१ जना (हाल कार्यरत एक तह मुनिका प्रहरीवाट)
- प्रहरी हवल्दार-३ जना (२ जना हाल कार्यरत एक तह मुनिका प्रहरीवाट, १ जना खुल्ला प्रतिस्पर्धावाट)
- प्रहरी जवान-४ जना (खुल्ला प्रतिस्पर्धावाट कम्तिमा २ जना महिला सहित)

८. आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी सम्परिक्षणका लागि सिफारिस गर्ने सम्बन्धमा:

महालेखा परीक्षकको कार्यालयवाट भएको यस कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनका देहायको बुदाँ उपर तपसिलका कारण, प्रभाव र प्रतिवद्धतासहित नियमीत् गरी सम्परीक्षणको लागि लेखा समितिको

सिफारिस अनुसार पेश भएका निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

क. लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४३ भुक्तान गरिएको रासन भत्ता रकम नियमित गर्ने सम्बन्धमा:

गत विगत् देखि नै कार्यरत नगर प्रहरीहरुलाई सम्झौता गरी काममा लगाउने गरिएकोमा उक्त सम्झौतामा राशन भत्ता उपलब्ध गराउने भन्ने विषय लेख्न छुटेको देखिन्छ। मिति २०८०/०३/०७ गते बसेको नगर सभाको निर्णय नं. ३० मा आ.व. २०८०/०८१ को श्रावण १ गते देखी लागु हुने गरी रासन भत्ता उपलब्ध गराउने भन्ने निर्णय भए अनुसार सो रकम उपलब्ध गराइएको थियो।

नगर प्रहरीलाई दिन रात अतिरिक्त समय सुरक्षा तथा विपद्को तयारी अवस्थामा रहन तथा बिपद्मा खटिन ड्युटी तोकि काममा लगाइएको हो। यसरी काममा लगाउदा विपद् प्रतिकार्य छिटो भई हुनसक्ने धनजनको क्षती रोकन सकिएको र बिदा तथा कार्यालय समयवाहेकको समयमा तत्काल गर्नुपर्ने अन्य कार्यहरु गर्न सहयोग पुगेको छ। यसरी काममा लगाउदा अन्य कुनै अतिरिक्त सुविधा नदिएको यस्तो अवस्थामा कम्तिमा खानाको सुविधा दिन मनासीव भएकाले नगरसभाको निर्णयानुसार रासन भत्ता उपलब्ध गराईएको र श्रम कानून तथा मानवीय हिसावले पनी सो दिनु अपरिहार्य देखिन्छ। नेपाल प्रहरीलगायत अन्य सुरक्षा निकायलेसमेत यस्तो खालको सुविधा कानूनमै व्यवस्था गरी उपलब्ध गराईरहेको देखिन्छ।

तसर्थ सबै नगर प्रहरी करारमा कार्यरत भएकाले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले औंलाईए बमोजिम अब उप्रान्त सेवा करार सम्झौतामा नै रासन भत्ता दिने उल्लेख गरेर मात्र त्यस्तो सुविधा दिने र नगर प्रहरीको २०८१/०४/०१ गते देखि लागुहुने गरी गरिएको करार सम्झौतामा राशन भत्ता पाउने भन्ने व्यवस्था राखिईसकेकाले पुनः त्यस्तो त्रुटी हुने सम्भावना नभएकाले र आगामी दिनमा नहुने प्रवन्ध कार्यालयले

मिलाउने गरी प्रारम्भिक प्रतिवेदनमा औंलाइएको रकम २०८०/०८१ मा उपलब्ध गराइसकिएकाले राशन भत्तामा भएको खर्चको नयाँ आर्थिक वर्ष २०८१/०८२ मा सुधार गरिएको करार सम्झौता प्रणालीमा अपलोड गर्न लेखा समितिबाट समेत सिफारिस भै आएको र उक्त खर्चबाट सरकारी हानी नोक्सनी नभएको देखिएको हुँदा उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

ख. <u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४७ उपप्रमुखको सचिवालयमा सहयोगीलाई भुक्तानी भएको रकम नियमित गर्ने सम्बन्धमा:</u>

उपप्रमुखको सहयोगी श्रीकृष्ण रिजाललाई दिइएको भुक्तानी नियमसंगत नदेखिएको भनी प्रारम्भिक प्रतिवेदनमा औंलाईएको सम्बन्धमा नीजलाई करारमा राख्दा कार्यालयको स्वीकृत कार्यालय सहयोगको दरबन्दीमा नै कार्यालय सहयोगी भनी सार्वजनिक सूचना गरी सबै प्रक्रिया पुरा गरी छनौट सिफारिस भै कार्यालय सहयोगी पदमै करारमा राखि काममा लगाईएको तर सम्झौतामा उपप्रमुखको सचिवालयमा सहयोगी हुन गएको देखिन्छ। उपप्रमुखलाई कार्यमा सहजिकरण र सहयोग गर्न छुट्टै कर्मचारी र दरबन्दी नरहेतामा पनि कार्यालयमा एक जना कार्यालय सहयोगी आवश्यक हुने र सोको लागि कार्यालयको स्वीकृत दरबन्दी भित्रकै कार्यालय सहयोगीलाई लगाउनु उपयुक्त हुने देखिन्छ।

पछिल्लो समय २०८१।०४।०१ गते देखि लागू हुने गरी यस कार्यालयबाट नीजसंग गरिएको सम्झौतामा कार्यालयमा कार्यालय सहयोगीको रुपमा कार्य गर्नेगरी कार्यालय सहयोगीको पद तथा कार्यविवरण अनुसारको कार्य गर्नुपर्ने भनी उल्लेख भएको छ। कार्यालयले आवश्यकतानुसार कार्यालयको विभिन्न काममा खटाउने भएकाले उपप्रमुखको सचिवालयको कार्य गर्ने भनी तोकिएको छैन।

तसर्थ कार्यालयको स्वीकृत दरबन्दी भित्रै कार्यालय सहयोगी पदमा कार्य गर्न सम्झौतासमेत भई सकेकाले अब उप्रान्त नीजलाई पद अनुसारको कार्य बाहेक अन्य कार्यक्रमको लागि

कुनै पेश्की तथा रकम उपलब्ध नगराउन कार्यालयले आवश्यक प्रवन्ध गर्न लगाउने गरी प्रारम्भिक प्रतिवेदनले औंल्याएको २०८०/०८१ मा निजलाई भुक्तानी गरिएको पारिश्रमिक र अन्य खर्चवापत भएको खर्च अनुमोदन गर्ने र आर्थिक वर्ष २०८१/०८२ को कैफियत सुधार गरिएको करार सम्झौता प्रणालीमा अपलोड गर्न अनुरोध गर्ने भनी लेखा समितिबाट समेत सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सनी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

ग. **लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं.४६ वडा कार्यालयमा डोर हाजिरीमा काममा लगाई कार्यालय सहयोगीलाई भुक्तानी भएको पारिश्रमिक रकम नियमित गर्ने सम्बन्धमा:**

कार्यालयमा वडा सचिव पद रिक्त भई प्रदेश लोकसेवा आयोगमा माग गरि पठाइएको र तत्कालको लागि अन्य सेवाका कर्मचारीबाट उक्त पदमा काम गराईएको र कम्प्युटर टाइप तथा सिफारिस तथा विभिन्न लिखतको ड्राफ्ट तयार गरी सेवा प्रवाहलाई चुस्त राखि राख्न उर्मिला सिंदालीलाई ज्यालदारीमा काममा लगाइएको हो। कार्यालयबाट प्रवाह हुने सेवा नियमित राखिराख्न उक्त सीप भएको जनशक्ती आवश्यक रहिरहेको तर प्रशासनीक पदमा करारमा राख्न कानूनीरुपमा अप्ठ्यारो भएकाले कार्यालय सहयोगी पदमा राखि उक्त सेवा कार्यालयले लिएको हो।

प्रदेश लोक सेवा आयोगबाट माग भएबमोजिमको कर्मचारी हालसम्म सिफारिस भई नआएकाले अन्य सेवाको कर्मचारीलाई वडा सचिबमा खटाउदा सम्मको लागि निजलाई काममा लगाई राख्नुपर्ने देखिएको छ। २०८१/०४/०१ गते देखि लागुहुनेगरी ६ महिनाको लागि निजसंग गरिएको सम्झौतामा कार्यालय सहयोगीको रुपमा करारमा कामकाजमा लगाउने भन्ने व्यहोरा उल्लेख भएकाले कार्यालयको स्विकृत कार्यालय

सहयोगी पदको दरबन्दी भित्र पर्ने गरी करारमा काममा लगाउने गरी आर्थिक वर्ष २०८०/०८१ मा कार्यालय सहयोगी उर्मिला सिंदालीलाई वर्ष भरी ज्यालादारीमा काममा लगाएको भनी निजलाई उपलब्ध गराईएको खर्च नियमित गर्ने र आर्थिक वर्ष २०८१।०८२ मा सुधार भईआएको करार सम्झौता पत्र प्रणालीमा अपलोड गर्न अनुरोध गर्ने भनी लेखा समितिबाट समेत सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

घ. <u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४९ आन्तरिक लेखा परीक्षकलाई भुक्तानी गरिएको खर्च नियमित गर्ने सम्बन्धमा:</u>

यस कार्यालयमा आ.ले.प. अधिकृत पदमा कार्यरत नारायणप्रसाद न्यौपानेको २०८१।०३।११ गतेदेखि लागु हुनेगरी स्वेच्छिक अवकाश स्विकृत भएको र सो मिति भन्दा अगाडी नीज यस कार्यालयमा नियमानुसार हाजिर भई Pre-audit कार्य गरेको र नीजलाई नियमानुसार पारीश्रमिक उपलब्ध गराईएको देखिन्छ। लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनले सो व्यहोरा औंल्याईसके पछी निजलाई प्रतिवेदन बुझाउनको लागि यस कार्यालयबाट पत्राचारसमेत गरिसकिएको थियो।

आगामी दिनमा यस्तो अवस्था आउन नदिन र यस्ता बुझाउनुपर्ने प्रतिवेदन समयमै कार्यालयमा बुझाँउन लगाउने तथा अवकाश वा रमानापत्र दिनुपूर्व त्यस्तो सबै विवरण कर्मचारीबाट प्राप्त भएको व्यहोरा सुनिश्चित गर्न कार्यालयले आवश्यक व्यवस्था मिलाउने र यस आर्थिक वर्षमा छुटै आ.ले.प.को व्यवस्था हुन नसकेमा आलेपको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय धादिङलाई अनुरोध गरी गत आर्थिक वर्षको आन्तरीक लेखा परीक्षण प्रतिवेदन संलग्न गरी प्रणालीमा अपलोड गर्न लेखा समितिबाट समेत सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई

प्रमुख प्रशासकीय

अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा वेरुजु छलफल तथा नियमित गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

ङ. <u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं.४४ विनियोजन भन्दा बढी खर्च भुक्तानी भएको रकम नियमित गर्ने सम्बन्धमा:</u>

नीलकण्ठ नगरपालिकाद्वारा नगर क्षेत्र भित्रका कृषकहरुलाई उद्यमी बनाइ नगरमै जिविकोपार्जन गर्ने र आर्थिक विकासमा टेवा पुऱ्याइ समृद्ध नगरको रुपमा विकास गर्न मेयर उद्यमशीलता विकास कार्यक्रम तयार गरी लागू गरेको छ। नगरपालिकाको आ.व. २०८०/०८१ मा मेयर उद्यमशीलता विकास कार्यक्रमको लागि विनियोजित भएको रकम रु ७५ लाख मध्ये ५० लाख विविध कार्यक्रमहरु सञ्चालन गर्न र २५ लाख बैंकबाट प्राप्त भएको ब्याज रकम अपुग भएमा शोधभर्नाको प्रयोजनार्थ विनियोजन गरिएकोमा विविध कार्यक्रम तर्फको रकम सकिएको र तत् पश्चात पनि उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत संचालन भएको ७ दिवसीय व्यवसाय सचेतना तथा सुरु तालिम पश्चात उद्यमीहरु सहुलियतपूर्ण कर्जाको लागि नगरपालिकामा पेश भएको र मेयर उद्यमशीलता विकास कार्यक्रम सँग सम्बन्धित समितिहरुको बैठक बस्दा पदाधिकारीहरुले खाजा खाना लगायत विविध शीर्षकमा खर्च भएको हुदाँ विनियोजित भएको रकमबाट अपुग भएको कारण अन्य शीर्षकबाट भुक्तानी भएको हो। अब यस प्रकारका खर्च गर्दा कार्यालयले स्पष्ट शीर्षक तोकी कुन शीर्षकमा कुन प्रयोजनका लागि खर्च भएको हो खुलाइ भुक्तानी दिने व्यवस्था मिलाउने गरी उक्त कार्य सुधार गर्न नगर कार्यपालिका मार्फत नगरसभामा पेश गर्ने सिफारिस गर्ने र सो खर्चलाई सुधार गर्न प्रणालिमा अपलोड गर्ने भनी लेखा सिमितबाट समेत सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने गरी

उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

**च. लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं.५८ पदाधिकारी भ्रमण खर्च सुधार गर्ने सम्बन्धमा:**

यस नगरपालिकाका नगर प्रमुख नेपाल नगरपालिका संघका अध्यक्षसमेत भएकाले देश भित्र तथा वाहिर भ्रमण भईरहने र देश वाहिर भ्रमण हुदा कार्यपालिकाको निर्णयबाट सम्बन्धित मन्त्रालयको स्विकृतिबाट भएको र कार्यालयको काममा देश भित्रै भ्रमण गर्दा नगर प्रमुखबाट भ्रमण आदेश स्वीकृत गर्ने गरिएको थियो। बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५ (३) को उपदफा १ बमोजिम हुने गरी कार्यपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत भएका भ्रमण आदेश अनुमोदन गरी प्रणालीमा अपलोड गर्न अनुरोध गर्ने लेखा समितिको सिफारिस भै आएको र अब उप्रान्त ३ दिनभन्दा बढीको भ्रमण आदेश कार्यपालिबाट स्वीकृत वा अनुमोदन गर्न कार्यालयले आवश्यक व्यवस्था मिलाउने गरी उक्त सुधार गर्ने गरी कार्यपालिका मार्फत नगरसभामा पेश गर्ने सिफारिस गर्ने र सो खर्चलाई सुधार गर्न प्रणालिमा अपलोड गर्ने। साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वितिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

**छ. लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ५९ मु.अ.क.मा दर्ता नभएकोसंग गरिएको खरिद खर्च नियमित गर्ने सम्बन्धमा:**

यस कार्यालयबाट आर्थिक वर्ष २०८०।०८१ मा टेन्ट पेन्टिङ लगायतका कार्यको लागि विभिन्न मितिमा खरिद कार्य गरिएको थियो। भुक्तानीको क्रममा टिडिएस कट्टी गरी खर्च लेखिएको थियो। उक्त खरिद कार्य गर्दा त्यस्तोखालको कारोवार तथा सेवा उपलब्ध

प्रमुख प्रशासकीय अधिकृत

गराउने मुअकमा दर्ता भएको कुनै पनी फर्म कम्पनी स्थानीय बजारमा उपलब्ध नभएको र खरिद गर्नु अत्यन्त जरुरी भएकाले प्यानमा दर्ता भएकोबाट खरिद गरिएको थियो। अब उप्रान्त यस्तो खालको खरिद गर्दा अनिवार्य मु.अ.क.मा दर्ता भएको कम्पनी तथा फर्मबाटमात्र खरिद गर्न आवश्यक प्रबन्ध कार्यालयले मिलाउने गरी एक पटकको लागि जरुरी भई भइसकेको उक्त खर्चलाई नियमित गर्न पेश गर्ने भनी लेखा समितिबाट सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

ञ. <u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ६१ विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ताहरुलाई भुक्तान गरिएको रकम नियमित गर्ने सम्बन्धमा:</u>

नेपालको संविधान, २०७२ अनुसार बालबालिकाहरुले बचाउ, विकास, संरक्षण र सहभागिता सम्बन्धी अधिकार नैसर्गिक रुपमा प्राप्त गर्नु पर्ने व्यवस्था छ। बाल बचाउ, विकास, संरक्षण र सहभागिताका लागि शिक्षा आधारभूत विषय हो। बालबालिकाहरुको शिक्षाको अधिकार स्थापित गर्न संविधानमा आधारभूत तह तथा माध्यमिक तह सम्मको सम्पूर्ण सञ्चालकीय तथा व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहको रहेको छ।

तर यति हुदा हुदै पनि शिक्षक दरबन्दी मिलान कार्य संघीय सरकारबाट हुनु पर्ने व्यवस्था रहेको छ, यस नगरपालिकामा सो दरबन्दी मिलान कार्य हाल सम्म पनि तहगत रुपमा गरिएको छैन। वि.स. २०५६।५७ देखि शिक्षक दरबन्दी थप गरिएको छैन। जसबाट बालबालिकाहरुको गुणस्तरीय रुपमा पढन पाउने अधिकार खुम्चिएको छ। स्थानीय तहहरु स्थापना भए पश्चात २०७३ पछी शिक्षा तथा मानव स्रोत केन्द्र, सानोठिमी भक्तपूरको दरबन्दी वितरणका आधारमा नीलकण्ठ नगरपालिकाले १०६ वटा प्रारम्भिक बाल विकास सहजकर्ता कोटा प्राप्त गरेको छ। जस अनुसार यस न.पा.मा बालविकासहरु विद्यालयमा आधारित तथा समुदायमा आधारित रुपमा सञ्चालनमा छन्। यी दरबन्दीहरु नीलकण्ठ

नगरपालिकाले सृजना गरेको नभई तत्कालिन जिल्ला शिक्षा कार्यालय तथा शिक्षा विभागद्वारा सृजना तथा नियुक्ति गरिएको हो। यस नगरपालिकालाई दरवन्दी तथा सोको पारिश्रमिक संघीय ससर्त रकमको रुपमा हस्तान्तरण गरिएको तथा निज नियुक्त बालशिक्षकहरुको पेशागत सुरक्षाको संरक्षण गर्नुपर्ने प्रत्यक्ष जिम्मेवारी नीलकण्ठ नगरपालिकालाई आएको छ।

सो दरवन्दीहरुलाई विषय शिक्षक दरवन्दी आवश्यकता तथा विद्यालय समायोजनका आधारमा विद्यालयहरुमा वितरण गरी कार्य जिम्मेवारी विद्यालयहरुबाट तोकिएको छ जसमा न्यून विद्यार्थी रहेका प्रारम्भीक बालविकास छन ति विद्यालयहरुले योग्यताका आधारमा बालविकास सहजकर्ताहरुलाई माथिल्ला कक्षाहरुमा जिम्मेवारी दिइ विषयगत शिक्षक अभावलाई न्यूनिकरण गर्दै आइरहेका छन। उक्त कार्यसंग सम्वन्धित विद्यालय व्यवस्थापन समिति र विद्यालयका निर्णय तथा विद्यालयको दैनिक कार्यतालिकाले पुष्टि गरेको छ।

<u>प्रारम्भिक प्रतिवेदनमा उल्लिखित विद्यालयहरुको तथ्याङ्कीय विवरण</u>

| क.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | स्वीकृत शिक्षक दरवन्दी | कार्यरत इसिडी दरवन्दी | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|
| १ | प्रकाश मा वि, नी.न.पा.-१ | ECD देखि १२ कक्षा सम्म | १० | २ | पदपूर्ति भएको |
| २ | मनकामना देवि आ वि, नी.न.पा.-५ | ECD देखि ८ सम्म | ६ | २ | पदपूर्ति भएको |
| ३ | पतेनी आ वि, नी .न.पा.-४ | ECD देखि कक्षा ८ सम्म | ४ | २ | पदपूर्ति भएको |
| ४ | अन्नपूर्ण आ वि, नी.न.पा.-२ | ECD देखि कक्षा ८ सम्म | ३ | २ | पदपूर्ति भएको |

माथि उल्लिखित विद्यालयहरुको सञ्चालित कक्षाको आधारमा स्वीकृत दरवन्दी अति न्यून रहेको छ। यो समस्यालाई न्यूनीकरण गर्न ECD दरवन्दीको वितरणले धेरै सहयोग गरेको छ।

विभिन्न समयमा बालविकास सहजकर्ताले स्थायित्व तथा अधिकार प्राप्तिका लागि गरेका प्रयासबाट नेपाल सरकार संग भएको सम्झौतामा बालविकास सहजकर्ताहरुलाई आन्तरिक

प्रमुख प्रशासकीय अधिकृत

प्रतिस्पर्धा गराइ स्थायी गर्ने व्यवस्था समेत राखेको देखिएकाले उहाहरुलाई तत्काल सेवाबाट बिदाइ दिन सकिने अवस्था छैन।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाबाट निर्माण गरिएको सामुदायिक विद्यालय समायोजन कार्यविधि, २०७९ मा ECD कक्षामा विद्यार्थी संख्याको मापदण्ड न्यूनतम् ५ जना तोकिएको छ। सो कारणले पनि माथि उल्लिखित विद्यालयहरुले ECD सहजकर्ता फिर्ता दिने र नगरपालिकाले अर्को विद्यालयमा वितरण गर्ने आधार कमजोर देखिन्छ। यस नगरपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयहरुको तहगत रुपमा शिक्षक दरबन्दी मिलान कार्य शिक्षा तथा मानव स्रोत केन्द्रद्वारा हुन बाँकी रहेको सन्दर्भमा यस नगरपालिकाले विद्यालयहरुमा पूर्ण रुपमा शिक्षक दरबन्दी दिन नसकेको र ECD सहजकर्ताहरुलाई पनि संघीय मापदण्ड बमोजिम कार्य जिम्मेवारी दिइ दरबन्दी मिलान गर्न असमर्थ रहेको छ। यदि निकट भविष्यमा सम्पूर्ण विद्यालयहरुको तहगत रुपमा शिक्षक दरबन्दी मिलान कार्य शिक्षा तथा मानव स्रोत केन्द्रद्वारा भएर सम्पूर्ण ECD सहजकर्ताहरुलाई पनि संघीय मापदण्ड बमोजिम २५ जना बालबालिकाहरु बराबर १ जना हुने गरी दरबन्दी मिलान गरिने साथै बढी हुन आउने ECD सहजकर्ताहरुलाई पुल दरबन्दीमा राखि संघीय सरकारलाई पूर्ण रुपमा फिर्ताकालागि सहयोग गर्ने प्रतिबद्धता गरी नियमित गर्नेको लागि प्रणालीमा अपलोड गर्न लेखा समितिबाट सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुँदा उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

९. <u>कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा:</u>
नीलकण्ठ नगरपालिकाको दैनिक प्रशासनीक कार्य सम्पादनका लागि आवश्यक भै निर्माण भएका तपसिल बमोजिमका कानून, कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क. बाल क्लब तथा बाल संजाल सम्बन्धी कार्यविधि,२०८१

प्रमुख प्रशासकीय अधिकृत

ख. जेष्ठ नागरिकहरुको समन्वय, सहजिकरण तथा सुविधा व्यवस्थापन कार्यविधि, २०८१

ग. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को पहिलो संशोधन

घ. विपन्न आर्थिक सहायता (काजक्रिया) वितरण सम्वन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन)

**१०. बजेट कार्यक्रमहरु संशोधन एवम् योजना तथा कार्यक्रम, थप बजेट शीर्षक खडा गर्ने सम्बन्धमा:**

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनको निर्णय नं. ३४ र ऐ.ऐ. नगर सभाबाट स्वीकृत विनियोजन ऐन, २०८१ को दफा (३) को उपदफा (२) र (३) अनुसार बजेट कार्यक्रमको कार्यान्वयनको सिलसिलामा विभिन्न योजना तथा कार्यक्रममा विभिन्न बजेट शीर्षकबाट रकम व्यवस्थापन गरी बजेट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा भएका निर्णयहरु स्वीकृत गर्ने। साथै दोस्रो नगर सभाको पाँचौ अधिवेशनबाट विनियोजन भएको योजना तथा कार्यक्रम एवम् एकमुष्ठ बजेट सीमामा फरक नपर्ने गरी थप बजेट शीर्षक अनुशन्धान तथा विकास सम्बन्धी खर्च शीर्षक खडा गरी योजना तथा कार्यक्रममा रकम विनियोजन गर्ने र पाँचौ नगर सभाबाट चालु आ.व.मा कार्यान्वयन हुने गरी जी.टु.जी. तथा अन्य सार्वजनिक निर्माण शीर्षकमा विनियोजन भएको बजेटबाट समेत देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल**

| योजना तथा कार्यक्रमका (श्रोत व्यवस्थापन समेत) | | | | |
|---|---|---|---|---|
| जी टु जी कार्यक्रमका लागि विनियोजित बजेटबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको विवरण | | | | |
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | ठेगाना | कैफियत |
| १ | नगरपालिका अगाडि शौचालयको मर्मत | १००००० | बी.न.पा.३ | |
| २ | ससाहमा शौचालयको मर्मत | ६००००० | बी.न.पा.८ | |
| ३ | सशस्त्र प्रहरी भवन मर्मत | ७००००० | बी.न.पा.३ | |
| ४ | मालपोत कार्यालय मर्मत | ६००००० | बी.न.पा.३ | |
| ५ | वडा कार्यालय म्याचिङ्ग फण्ड तर्फ नगरपालिकाबाट | ४०००००० | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | ज्यामिरे भञ्ज्याङ्ग पार्क निर्माण | १५००००० | नी.न.पा.९ | |
| ७ | खेल मैदान निर्माण थप रकम | २०००००० | नी.न.पा.३ | |
| ८ | पाल्पा भञ्ज्याङ्ग मन्दिर निर्माण | २०००००० | नी.न.पा.९ | |
| ९ | रिमाल डि खानेपानी ट्याङ्क निर्माण | ६००००० | नी.न.पा.१४ | |
| १० | दलित छात्रावास निर्माण | १०००००० | नी.न.पा.४ | |
| ११ | मञ्जु श्री विद्यालय शौचालय निर्माण | ७००००० | नी.न.पा.११ | |
| १२ | शक्ति शक्ति मन्दिर | ५००००० | नी.न.पा.८ | |
| १३ | वृद्धा आश्रम | ५००००० | नी.न.पा.८ | |
| १४ | पाल्पा सामरी भञ्ज्याङ्ग शौचालय पहिरो नियन्त्रण | १०००००० | नी.न.पा.९ | |
| १५ | कुमाल सङ्ग्रहालय | ५००००० | नी.न.पा.८ | |
| १६ | रिङरोड निर्माण थप रकम | २०००००० | नी.न.पा. | |
| १७ | ग्राउन्ड निर्माण १३ | १०००००० | नी.न.पा.१३ | |
| १८ | वडाहरुलाई प्रति वडा रु ३ लाखको दरले | ४२००००० | | |
| १९ | पाँचधारे काउले सडक स्तरोउन्नती | ८००००० | नी.न.पा.२ | |
| २० | कविलास टोल,थुम्की पाडे टोल खा.पा | ९००००० | नी.न.पा.५ | |
| - | जम्मा रकम | २६०००००० | - | - |

अन्य सार्वजनिक निर्माणबाट कार्यान्वयन हुने गरी विनियोजित योजना तथा कार्यक्रम

| | | | | |
|---|---|---|---|---|
| १ | नयाँगाउँ सडक | १५००००० | नी.न.पा.१० | |
| २ | सातमुले ताराखर्क खा.पा | ७००००० | नी.न.पा.७ | |
| ४ | काफल पानी धाराखोला सडक स्तरोउन्नती थप रकम | १५८००० | नी.न.पा.९ | |
| ५ | देउराली तालका गैरीगाउँ खोलाबेसी सडक मर्मत | १७०००० | नी.न.पा.५ | |
| ६ | तल्लो जलकेनी माथिल्लो जलकेनी सडक निर्माण | १०००००० | नी.न.पा.६ | |
| ८ | वृहद खानेपानी व्यवस्थापन | १५००००० | नी.न.पा.८ | |
| | जम्मा रकम | ५०२८००० | | |

समपुरक साझेदारी कोषबाट रकमान्तर हुने गरी विनियोजित योजना तथा कार्यक्रम

| | | | | |
|---|---|---|---|---|
| १ | उद्योग वाणिज्य संघ धादिङको भवन स्तरोउन्नती | ६००००० | नी.न.पा. | |
| २ | खर्क पुन्धार खानेपानी मर्मत | ४००००० | नी.न.पा.१ | |
| | जम्मा रकम | १०००००० | - | |

विविध खर्च

| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | परिचयकरणका लागि बायोमेट्रिक डिभाइस खरिद | ४७२००० | नी.न.पा. | |
| २ | जम्मा रकम | ४७२००० | | |

अन्य सार्वजनिक निर्माणबाट बजेट शीर्षक अनुसन्धान तथा विकास सम्बन्धि खर्चमा रकमान्तर गरिएको र सोहि शीर्षक अनुसार विनियोजित योजना तथा कार्यक्रम

प्रमुख प्रशासकीय अधिकृत

| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तुष्टि सर्वेक्षण | ५००००० | | |
| २ | नीलकण्ठ क्याम्पस अनुदान | २०००००० | | |
| | जम्मा रकम | २५००००० | | |
| सम्पुरक साझेदारी कोषबाट सेवा तथा परामर्श शीर्षकमा रकमान्तर गरिएको र सोहि शीर्षक अनुसार विनियोजित योजना तथा कार्यक्रम | | | | |
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | ठेगाना | कैफियत |
| १ | आवधिक योजना निर्माण | १०००००० | | |
| २ | क्षमता विकास योजना निर्माण | १०००००० | | |
| | जम्मा रकम | २०००००० | | |

११. आर्थिक ऐन, २०८१ मा संशोधन सम्बन्धमा:

यस नगरपालिको आ.व. २०८१/०८२ को संशोधित आर्थिक ऐन, २०८१ लाई स्वीकृतका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१२. दरवन्दी थप गर्ने सम्बन्धमा:

नगर कार्यपालिकाको कार्यालय एमव् वडा कार्यालय तथा विद्यालयहरुमा कार्यसम्पादनलाई सहजीकरण गरी कार्यबोझ व्यवस्थापन गर्न थप जनशक्ति आवश्यक देखिएकोले देहाय बमोजिमका दरवन्दीहरु थप गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

क. कम्प्यूटर अप्रेटर -२ जना (शिक्षा शाखा र राजश्व शाखा)

ख. घरबाहल संकलक -१ जना

ग. नगर अनुदान शिक्षक तर्फका दरवन्दीहरु सिर्जना गर्ने -४२ जना

घ. कार्यालया सहयोगी - २ जना

ङ. सरसफाइकर्मी - २ जना

१२. दीर्घरोगी, मासिक सुविधा- गरिबी परिचयपत्र नभएका वास्तविक नागरिकहरुलाई पनि उपलब्ध गराउने सम्बन्धमा:

नेपाल सरकारद्वारा वितरण गरिँदै आएको दीर्घरोगी, मासिक सुविधालाई व्यवस्थित बनाउन नेपाल सरकारबाटै वितरण गरिएको गरिबी परिचयपत्रलाई आधार बनाउने निर्णय

प्रमुख प्रशासकीय अधिकृत

भएकोमा यस नगरपालिकामा गरिबी परिचयपत्र भएकका नागरिकहरुको हकमा सोही बमोजिम हुने गरी व्यवस्थापन गर्ने र गरिबी परिचयपत्र नभएको खण्डमा वडा कार्यालयबाट वास्तविक गरिबीको रेखामुनी रहेको, आर्थिक अवस्था कमजोर भएको भनी मुचुल्का सहित विपन्नताको सिफारिस भइ आएका दीर्घरोगीहरुलाई वा त्यस्ता नागरिकहरुलाई समेत सो सुविधा उपलब्ध गराउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो। यसरी गरिने मुचुल्काको दस्तुर मिनाहका लागि समेत नगर सभामा पेश गर्ने निर्णय गरियो।

१४. <u>नागरिक वडापत्र- QR code बनाउने सम्बन्धमा:</u>

नगरपालिकाबाट सम्पादन हुने दैनिक कामकाजहरुको जानकारी आम नागरिकहरु समक्ष सहज रुपले पुगोस र नागरिकहरुले प्राप्त गर्ने सेवा सुविधाहरु सहज रुपमा उपलब्ध होस भनी नागरिकहरुको हक र अधिकारलाई सुनिश्चित एवम् जानकारीका लागि तयार भएको नागरिक वडापत्रलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न <u>QR code</u> को रुपमा विकास गरी आम नागरिकहरुलाई सहज रुपमा उपलब्ध गराउने गरी कार्यान्वयन गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१५. <u>खेती योग्य जमिन सिंचाइ कार्यक्रम अन्तर्गत (लुम्बा खेतको डिप बोरिङ्ग निरन्तरता) वडा नं. ७ बजेट संशोधन सिफारिसका सम्बन्धमा:</u>

यस नगरपालिकामा चालु आ.व.मा कार्यान्वयन हुने गरी प्रदेश सर्शत कार्यक्रम अन्तर्गत खेती योग्य जमिन सिंचाइ कार्यक्रम अन्तर्गत (लुम्बा खेतको डिप बोरिङ्ग निरन्तरता) मा विनियोजन भएको योजना तथा कार्यक्रमको देहाय बमोजिम हुने गरी शीर्षक संशोधनका लागि प्रदेश सरकार समक्ष लेखी पठाउने निर्णय गरियो।

| सि.न. | विनियोजन भएको शीर्षक | विनियोजन हुनुपर्ने शीर्षक | विनियोजित रकम रु |
|---|---|---|---|
| १ | खेती योग्य जमिन सिंचाइ कार्यक्रम अन्तर्गत (लुम्बा खेतको डिप बोरिङ्ग निरन्तरता) नी.न.पा.७ | खेती योग्य जमिन सिंचाइ कार्यक्रम अन्तर्गत (लुम्बा खेतको लिफ्ट सिंचाइ कार्यक्रम) नी.न.पा.७ | १५००००० (पन्ध्र लाख) |

प्रमुख प्रशासकीय अधिकृत

१६. योजना कार्यान्वयनका लागि सिफारिस गर्ने सम्बन्धमा:,

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय हेटौंडाबाट चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी विनियोजन भएको मैदी भञ्ज्याङ्ग दोभानटार मैदी ठूलोचौर दर्बुङफाँट सडक नीलकण्ठ नगरपालिका वडा नं.८ र ज्वालामुखी गाउँपालिका वडा नं.१ मा कार्यान्वयन हुने गरी रु १ करोड विनियोजन भएकामा उक्त आयोजना नीलकण्ठ नगरपालिकाको वडा नं. ८ बाट सुरु गरी देहाय बमोजम हुने गरी कार्यान्वयन गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

कार्यान्वयन गर्नुपर्ने स्थानहरु

क. ससाह देउराली देखी मैदीभञ्ज्याङ्ग (चेनेएज ० देखी) कालोपत्रे

ख. ससाह खोला माथी ह्यामपाइप र आवश्यक संरचना निर्माण

ग. मैदीभञ्ज्याङ्ग दोभानटार खण्डको दोभानटारबाट मैदीभञ्ज्याङ्ग तर्फ कालोपत्रे

१७. वैदेशिक भ्रमणका लागि मनोनयन गर्ने सम्बन्धमा:,

नेपाल भारत दलित मैत्री संघको मिति २०८१/०८/०५ गतेको प्राप्त पत्रानुसार बाबु जगजीवन राम कला तथा साहित्य अकादमी दिल्लीको आयोजनामा मिति २०८१ मंसिर २६ गतेदेखी २८ गतेसम्म भारतको राजधानी नयाँ दिल्लीमा आयोजना हुन लागेको आन्तराष्ट्रिय दलित सम्मेलनमा यस नगरपालिकाका नगर उप प्रमुख श्री दिपक विश्वकर्मालाई वैदेशिक भ्रमणका लागि मनोनयन गर्ने निर्णय गरियो। साथै उक्त सम्मेलनमा उप प्रमुख दिपक विश्वकर्मालाई अम्बेडकर विशिष्ट समाजसेवा पुरस्कारद्वारा सम्मानित गर्ने कार्यक्रम प्राप्त पत्र मार्फत जानकारी भएअनुसार निजलाई वैदेशिक भ्रमणका लागि सिफारिस गरी नियमानुसार हुन आउने भ्रमण खर्च यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमको भ्रमण खर्च शीर्षकमा आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने निर्णय गरी उक्त भ्रमण स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारिस गर्ने निर्णय गरियो।

१८. <u>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवाहरुका लागि रुपान्तरण पहल आयोजनाहरु संशोधन गर्ने सम्बन्धमा :</u>

नीलकण्ठ नगरपालिकाको पाँचौ नगर सभाबाट स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवाहरुका लागि रुपान्तरण पहल आयोजनाहरुमा विनियोजित बजेट मध्येमा कार्यविधि बमोजिम ५० प्रतिशत रकम तालिम अवधिको पारिश्रमिकमा खर्च गर्नुपर्ने भएकोले कार्यस्थलमा गरिने तालिमको लागि पारिश्रमिक ५० प्रतिशत र बाँकी ५० प्रतिशत रकमका सम्बन्धमा योजनाको लागि ज्याला भुक्तानी दिने गरी कार्य संचालन गर्ने निर्णय गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै विनियोजित बजेटको सीमामा रही सोही बमोजिम नै हुने गरी सम्बन्धित कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि अनुसार निर्माणमा कार्य गर्ने सूचिकृत बेरोजगारहरुलाई दिईने ज्यालाबापतको रकम र १० दिने जीवन निर्वाह तथा ४० दिने कार्यगत सीप तालिमको लागि पारिश्रमिकमा भुक्तानी गर्नुपर्ने रकम विभाजन गरी सोही बमोजिम हुने गरी आयोजनाहरुमा विनियोजन भएको रकम र शीर्षक संशोधन गरी खर्च गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

<u>संशोधित योजना तथा कार्यक्रमको विवरण</u>

| सि.नं. | | कार्यक्रमहरु/आयोजनाहरु | ईकाइ | परिणाम | बजेट रु | कैफियत |
|---|---|---|---|---|---|---|
| <u>युवाहरुका लागि रुपान्तरण पहल आयोजनाहरु</u> | | | | <u>३७२००००</u> | | |
| | - | कार्यक्रमहरु/आयोजनाहरु | बेरोजगार संख्या | कार्यान्वयन हुने वडा | बजेट रु | |
| | २.१ | ४० जनालाई १० दिने जीवन निर्वाह तथा ४० दिने कार्यगत सीप तालिम (५० दिन) सहभागीहरुको लागि ज्याला रकम | | नगर क्षेत्र | १३६०००० | ४० जनाको लागि |
| | २.२ | वडा नं.९ का सिंढि निर्माण | ६३ | ९ | ३२०००० | |
| | २.३ | वडा स्तरीय सिंढि र चौतारा निर्माण | ५५ | ८ | २७५००० | |
| २ | २.४ | डोडखोला उपेत सिमडाँडा सिंढि निर्माण/माझगाउँ भाङखर्क सिंढि निर्माण | ४५ | १३ | २२०००० | |
| | २.५ | सातडाँडा मगराती टोल जलकेनी सिंढि निर्माण | ४० | ६ | २००००० | |
| | २.६ | खर्क थापा गाउँ,पश्चिसे माझगाउँ,दमाईडाँडा पौवाघर, | ३८ | ४ | १९०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ओपखोला सालभञ्ज्याङ, वलिङखोला, जिमिरे, सिँढि बाटो निर्माण | | | | |
| | २.७ | पारकुना देखी मानेडाँडा सम्म सिँढि निर्माण | ३१ | १ | १५५००० | |
| | | जम्मा रु | २७२ | | ३७२०००० | - |

१९. <u>ड्रिप बोरिङ भुक्तान दिने सम्बन्धमा (वडा नं. ७)</u>

बागमती प्रदेश सरकारद्वारा गत आ.व.मा नीलकण्ठ नगरपालिका वडा नं. ७ मा कार्यान्वयन हुने गरी प्रदेश सर्शत कार्यक्रम अन्तर्गत खेती योग्य जमिन सिंचाइ कार्यक्रम अन्तर्गत (लुम्वा खेतको ड्रिप बोरिङ) मा विनियोजन भएको योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि प्रारम्भिक रुपमा भौगोलिक अध्ययन गराउदा पानी निस्कने प्रतिवेदन पेश भएको आधारमा उक्त आयोजनाको कार्य प्रारम्भ गरी करिब २०० मिटरसम्म गहिराइ खन्दासमेत पानी नआएको तर आयोजना कार्यान्वयन भएकोमा यस कार्यालयसँग भएको सम्झौता बमोजिम कार्य भएको प्राविधिक प्रतिवेदनसमेत प्राप्त भएकोले प्राविधिक मूल्याङ्कनका आधारमा हुन आउने रकम सम्बन्धित पक्षलाई भुक्तानी दिने निर्णय स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२०. <u>संगठनात्मक सर्वेक्षणका लागि समिति गठनका सम्बन्धमा:</u>

नीलकण्ठ नगरपालिकाको कार्यसम्पादन तथा कार्यविभाजन नियमावली समय सापेक्ष हुने गरी परिमार्जन गर्ने र नगरपालिकाको संगठन तथा व्यवस्थापन (ONM) सर्वेक्षण गर्ने प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिम हुने गरी ७ सदस्यीय संगठनात्मक सर्वेक्षण समिति गठन गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. सुशासन तथा क्षमता विकास समिति संयोजक - सदस्य

ग. कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

घ. स्वास्थ्य शाखा प्रमुख - सदस्य

प्रमुख प्रशासकीय

ङ. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

च. योजना शाखा प्रमुख - सदस्य

छ. प्रशासन शाखा प्रमुख – सदस्य सचिव

उक्त समितिलाई नीलकण्ठ नगरपालिकाबाट स्वीकृत कार्यविधि बमोजिमको सुविधा उपलब्ध गराउने।

२१. मनकामनादेवी आ.वि नी.न.पा. वडा नं. ५ लाई शैक्षिक सहयोग उपलब्ध गराउने सम्बन्धमा:

नीलकण्ठ नगरपालिका वडा नं. ५ मा रहेको श्री मनकामनादेवी आधारभूत विधालयको शैक्षिक सुधारका लागि चालु आ.व.मा कार्यान्वयन हुने गरी शैक्षिक सुधार अनुदान स्वरुप थप रु २,००,०००।-(अक्षेरुपी दुइ लाख) उपलब्ध गराउने निर्णय गरियो।

२२. न्यायिक सहजकर्ताको पद परिवर्तनका सम्वन्धमा:

नगरपालिकामा न्यायिक निरुपणको विषय दिन प्रतिदिन जटिल बन्दै गएको र उजुरीको सख्यामा समेत वढोत्तरी हुँदै गएको तर न्यायिक समितिलाई सहयोग गर्ने निर्धारित कर्मचारीको पनि व्यवस्थापन हुन नसकेकामा बागमती प्रदेश सरकारबाट विगत आ .व. मा पठाइएका न्यायिक सहजकर्ताको प्रदेशबाट निरन्तरता नभएको हुदाँ नगरपालिकामा रहेको न्यायिक समितिमा एक (१) जना न्यायिक सहजकर्ता (कम्प्युटर अपरेटरको समेतको काम गर्ने गरी) आवश्यक देखिएको हुदाँ एक जना न्यायिक सहजकर्ता (चौथो तह) को दरवन्दी सिर्जना गरिएकोमा उक्त पदलाई मेलमिलाप सहजकर्ताको रुपमा रुपान्तरण गरी नगरपालिकामा मेलमिलापकर्तामा कार्यरत तालिम प्राप्त व्यक्तिहरुमध्येबाट पदपूर्ति गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने गरियो।

२३. फोहोरमैला व्यवस्थापन तथा शुल्कमा छुट प्रदान सम्वन्धमा:

नीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा हाल फोहोरमैला उठाए बापत नगरपालिकालाई अझ छिटो छरितो माध्यमबाट उठाउन र नगरपालिकालाई बढी जिम्मेवार बनाउनका लागि देहाय बमोजिम छुट तथा जरिवानाको व्यवस्थाका लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

तपसिल

क. सोही महिना भित्र बुझाएमा - २० प्रतिशत छुट

ख. अर्को महिनाको १० गते भित्र बुझाएमा - १० प्रतिशत छुट

ग. बुदाँ "ख" सहित २ महिना भित्र बुझाएमा - शुल्क मात्र

घ. बुदाँ "ग" पछिको २ महिना भित्र बुझाएमा - १० प्रतिशत थप जरिवाना

ङ. बुदाँ "घ" पछि जहिलेसुकै बुझाएमा - २० प्रतिशत थप जरिवाना

तर हालसम्मको बाँकी बक्यौता रकम बुझाउन २०८१ चैत्र मसान्तसम्मको समय प्रदान गर्ने र सो पश्चात पनि नबुझाएमा थप २० प्रतिशत जरिवाना समेत असुल गर्ने।

२४. विद्यालय व्यवस्थापन समितिको म्याद थप गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिका वडा नं. ३ स्थित नीलकण्ठ बालमन्दिर माध्यमिक विद्यालय, सामुदायिक विद्यालय समायोजन कार्यविधि, २०७९ अनुसार साविकका ३ वटा विद्यालयहरु एक आपसमा मर्ज भई ठूलो विद्यालयका रुपमा गठन भए पश्चात गठन भएको विद्यालय व्यवस्थापन तदर्थ समितिको म्याद समाप्त भएको तर अर्को व्यवस्थापन समिति पनि गठन भई नसकेको अवस्थामा अर्को व्यवस्था नभए सम्म सोही व्यवस्थापन समितिलाई निरन्तरता दिने निर्णय गरियो।

२५. सवारी साधन खरिद गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्था जटिल रहेको र नगरका वडाहरुसमेत टाढा भएकोले नगरपालिकामा हुने कार्यालयगत कामकाज, दैनिक प्रशासनीक कार्यसम्पादन गर्न, कार्यालयगत बैठक वा कार्यक्रमहरुमा आवतजावत गर्न कठिनाइ भइरहेकोले कार्यालय प्रयोजनका लागि तत्काल आवश्यक रहेका १० थान मोटरसाइकल चालु आर्थिक वर्षमा नै खरिद गर्न रकम विनियोजन गरिएको हुदाँ सवारी साधन खरिदका लागि अर्थ मन्त्रालयमा स्वीकृतिका लागि लेखि पठाउने निर्णय गरियो।

२६. अख्तियारी दिने सम्बन्धमा:

नीलकण्ठ नगरपालकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनद्वारा स्वीकृत नीति, कार्यक्रम तथा बजेटको सीमामा फरक नपर्ने गरी कुनै कारणले बचत हुन जाने समानिकरण तथा

आन्तरिक आम्दानीको रकमबाट योजना तथा कार्यक्रमहरु वनाइ कार्यान्वयन गर्न तथा खर्च गर्ने अख्तियारी नगर प्रमुख र कार्यपालिकालाई प्रदान गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२७. घर नक्सा पास तथा अभिलेखीकरण गर्ने सम्बन्धमा:
नगर क्षेत्र भित्र कुनै व्यक्ति/संस्थाले आफ्नो स्वामित्वमा रहेको जग्गामा घर निर्माण प्रयोजनार्थ नक्सा पासका लागि निवेदन दिएमा वा अभिलेखीकरण भै सकेको घर जग्गा कुनै करणले जग्गाको विक्रि वितरण गरी बाँकी जग्गामा घर कायम गर्न निवेदन दिएमा निजको जग्गा नापी नक्सामा वा पूर्जामा वा फिल्डमा मध्ये जुन कम देखिन्छ सोही बराबर मात्र जग्गाको क्षेत्रफल भित्र पर्ने गरी नया निर्माण गर्न वा निर्माण भएको घरलाई कायम गर्न सकिने निर्णय गरियो।

२८. ग्लोबल आइएमआइ बैंकमा रकम जम्मा गर्ने सम्बन्धमा:
नीलकण्ठ नगरपालिकाद्वारा सञ्चालित मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत गत आ.व.मा १४ वटै वडाहरुमा ७ दिवसीय व्यवसायिक सचेतना तथा सुरु तालिम सञ्चालन गरी तालिम लिएका उद्यमीहरुलाई आवश्यक प्रक्रिया पुर्‍याइ सहुलियतपूर्ण कर्जाका लागि सिफारिस गरिएका उद्यमीहरुको सहुलियतपूर्ण कर्जाको व्याज शोधभर्नाका लागि सम्झौता भएको बैंकमा यस भन्दा अगाडि रु दुइ करोड मुद्दती खातामा राखिएको र सो बाट प्राप्त हुने व्याजबाट उद्यमीहरुको सहुलियतपूर्ण कर्जाको व्याज नगरपालिकाद्वारा व्यहोर्नु पर्ने रकम व्यहोर्दै आएकोमा सो खातामा चालु आ.व.२०८१/०८२ मा मेयर उद्यमशीलता विकास कार्यक्रमका लागि विनियोजन भएको रकम मध्ये मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालनार्थ साझेदार बैंकमा नीलकण्ठ नगरपालिका मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत मुद्दती खाता र "उद्यम कर्जा व्याज अनुदान शोधभर्ना" बैंक खाता सञ्चालन रहेकोमा मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०७६ को ४ नं. बमोजिम गठित सञ्चालक समितिको मिति २०८१/०४/२१ गतेको निर्णयबाट शीर्षगत रुपमा रकम बाँडफाड गरी त्यस

मध्ये रु १ करोड २५ लाख रुपैया बैंकमा पठाउने गरी सिफारिस भएकोमा उक्त रकम ४ वर्षका लागि मुद्दती खातामा रकम जम्मा गर्ने निर्णय गरियो।

२९. एक वडा एक उत्पादनका लागि वडा तथा वाली/वस्तु छनौट गर्ने सम्बन्धमा:

यस नगरपालिका अन्तर्गत कार्यान्वयन हुने गरी संघीय/प्रदेश सरकारबाट हस्तान्तरित कृषि विकास तर्फ- उत्पादन र वडा, पशुसेवा तर्फ- उत्पादन र वडा (प्रदेशको ६० प्रतिशत तथा नगरपालिकाको २० प्रतिशत र उपभोक्ताको २० प्रतिशत गरी कुल ४० प्रतिशत। कार्यक्रम र नगरपालिकाको लागत सहभागीताका सम्बन्धमा मिति २०८१ श्रावण २७ गतेको नगर कार्यपालिकाबाट निर्णय भएको हुदाँ उक्त कार्यक्रम सञ्चालन गर्न वडा र कृषि जन्य वाली/ पशु जन्य वस्तुको प्रकार तपसिल बमोजिम हुने गरी निर्धारण गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| सि.न | कृषिजन्य वाली/ पशुजन्य वस्तु | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कागती खेती | नी.न.पा.८ | |
| २ | भैंसी पालन | नी.न.पा.१२ | दुध उत्पादन |

३०. मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत नेपाल बैंकमा भएका उद्यमीहरुका सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाद्वारा सञ्चालित मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालनार्थ नेपाल बैंक लिमिटेड र नीलकण्ठ नगरपालिका बीचमा द्विपक्षीय सम्झौता मिति २०७६ साल गतेका दिन सम्पन्न भई सकेकोमा मिति फाल्गुन २८ २०७९ साल पौष २५ गते कार्यपालिकाको बैठकको निर्णयानुसार उक्त कार्यक्रम स्थगन गरिएको भएता पनि तहाँ बैंकमा यस नगरपलिकाको सिफारिसमा सहुलियतपूर्ण कर्जा लिने उद्यमीहरु भएकोले मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत सहुलियतपूर्ण कर्जा लिएका उद्यमीहरुको कर्जा सुरु भएको मिति देखी ४ वर्षसम्मका लागि नगरपालिकाको तर्फबाट उपलब्ध हुने सहुलियत ब्याज रकम उपलब्ध गराउने निर्णय गरियो। साथै "उद्यमीहरुलाई व्यवसायिक

कर्जामा प्रदान गरीने ब्याज अनुदान सम्वन्धी कार्यविधि: २०७६" ले तोकेको सर्तहरु पूरा गरी नेपाल बैंक लिमिटेड बैंकबाट सहुलियतपूर्ण कर्जा लिएका तपसिल बमोजिमका उद्यमीहरुको नगरपालिकाद्वारा भुक्तानी हुनुपर्ने नियमानुसारको ब्याज रकम सोधभर्नाका लागि बैंकद्वारा नगरपालिका समक्ष माग गरे पश्चात रकम भुक्तानी गर्ने निर्णय गरी सोही अनुसार कार्यान्वयन गर्न बैंकलाई सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| ऋणिको नाम | खाता नं. |
|---|---|
| मुना कृषि तथा पशुपंक्षी फार्म | २५८००१०७१६३२११६०००००१ |
| प्रनिशा एण्ड एलिसा फर्निचर | २५८००१०७१८१३३८०००००१ |
| पुनिका कृषि तथा पशुपंक्षी फार्म | २५८००१०७१६५४१६०००००१ |

३१. <u>जग्गा उपलब्धको सिफारिस गर्ने सम्वन्धमा:</u>
गुरुङहरुको भाषा, भेषभुषा, संस्कृति, रितिरिवाज र गुरुहरुसँग सम्वन्धित प्रथा परम्पराहरुको संरक्षण र प्रबर्द्धनका लागि स्थापना भएको तमू ह्युला छोंज धी गुरुङ राष्ट्रिय परिषद्को आफ्नो भवन नभएको र भवन निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराइपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको र उक्त निवेदन उपर छलफल गरी तमू ह्युला छोंज धी गुरुङ राष्ट्रिय परिषद्को भवन निर्माणका लागि नीलकण्ठ नगरपालिका वडा नं.३ (साविक नीलकण्ठ नगरपालिका गा.वि.स. वडा नं.५ख कित्ता नं.६९ रहेको सार्वजनिक (ऐलानी) जग्गामा ४ आना उपभोगका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

३२. <u>तरकारी प्रशोधन केन्द्र निर्माण स्थल तयार गर्ने सम्वन्धमा:</u>
हेफर प्रोजेक्ट इन्टरनेशनल नेपालले नीलकण्ठ नगरपालिका, एक्सन नेपाल, सामाजिक उद्यमी महिला सहकारीहरु तथा निजि क्षेत्रको सहकार्यमा नीलकण्ठ नगरपालिका, धादिङमा ताजा कृषि उपजहरुको संकलन तथा प्रशोधन केन्द्र स्थापनामा सहयोग गर्न तरकारी मूल्य श्रृङ्खलामा नविनताका माध्यमबाट ग्रामिण महिला उद्यमीहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि परियोजना कार्यान्वयनका लागि नीलकण्ठ नगरपालिका,

हेफर प्रोजेक्ट इन्टरनेशनल नेपाल र एक्सन नेपाल बीच मिति २०८० चैत्र ६ गतेका दिन साझेदारी सम्झौता भएकोमा नीलकण्ठ नगरपालिकाद्वारा साझेदारी परियोजना कार्यान्वयनार्थ तरकारी प्रशोधन केन्द्र निर्माण स्थल तयार गर्ने सम्बन्धमा मिति २०८१ भाद्र २४ गतेको कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा उक्त निर्धारित स्थानमा तरकारी प्रशोधन केन्द्र निर्माण गर्न प्राविधिक रुपमा नमिल्ने देखिएको हुँदा सो कार्य नीलकण्ठ नगरपालिका वडा नं.८ (बाह्रमुरे) साबिकको मुरलीभञ्ज्याङ गा.वि.स.वडा नं.३/ख कित्ता नं.११४ को क्षेत्रफल १८५-३-१-० जग्गा खोल्सी जनिएको र यस जग्गाको क्षेत्रफल मध्ये उक्त ठाउँमा रहेको बाटो समेत क्षेत्रफल ३-१३-१-३ जग्गामा नीलकण्ठ नगरपालिकाद्वारा निर्माण गर्न लागिएको तरकारी प्रशोधन केन्द्र/चिस्यान केन्द्र निर्माण गर्न सम्पूर्ण आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

३३. <u>अन्य विविध विषयहरुका सम्बन्धमा:</u>

क. नीलकण्ठ नगरपालिका वडा नं.१४ निवासी भोज बहादुर मगरको मिति २०८१/०५/२८ गतेको चट्याङले गर्भवती भैंसीको मृत्यु भएको र गोठमा समेत क्षति पुर्‍याएको हुँदा निजलाई राहत स्वरुप रु १०,०००।- (अक्षेरुपी दश हजार) उपलब्ध गराउने निर्णय गरियो।

ख. नगरपालिकामा कार्यान्वयन हुने गरी संघीय सरकारबाट (सशर्त) हस्तान्तरित आ.ब. २०८१/०८२ मा नयाँ तरकारी पकेट विकास कार्यक्रम तपसिल बमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

## कार्यक्रम विस्तृतीकरण

<u>विनियोजित बजेट जम्मा रु १२,००,०००/-</u>

| क.सं | कार्यक्रम/क्रियाकलाप/ | लागत सहभागिता | | कैफियत |
|---|---|---|---|---|
| | | कार्यालयले व्यहोर्ने | लाभग्राहीले व्यहोर्ने | |
| १. | प्रशासनिक खर्च, बैठक तथा व्यवस्थापन | ४८,०००/- | - | आवश्यकता अनुसार बैठक सञ्चालन गरिने। |

| | | | | |
|---|---|---|---|---|
| २. | कृषि उत्पादन सामाग्री(बीउ बिजन लगायत), प्राविधिक सहयोग, प्रयोगशाला सेवाहरु, कृषि औजार उपकरण, साना सिंचाई पूर्वाधार, उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | | - | - |
| | क. बीउ बिजन तथा अन्य | १,५०,०००/- | १,५०,०००/- | |
| | ख. कृषि औजार तथा उपकरण (मिनिटिलर, क्रेट, मल्चिङ्ग प्लाष्टिक, हजारी, डिजिटल ब्यालेन्स आदी।) | ३,४०,०००/- | ३,४०,०००/- | |
| | ग. साना सिंचाई पूर्वाधार | ३,६२,०००/- | ३,६२,०००/- | |
| | घ. उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधार | ३,००,०००/- | ३,००,०००/- | |

घ. नगरपालिकामा कार्यान्वयन हुने गरी प्रदेश सरकारबाट (सशर्त) आ.व. २०८१/०८२ मा हस्तान्तरित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (टनेल) सञ्चालनको लागि बिनियोजन भएको रकम तपसिल बमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

## कार्यक्रम विस्तृतीकरण

बिनियोजित बजेट जम्मा रु ५,००,०००/-

| क्र.सं | कार्यक्रम/ क्रियाकलाप | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | प्रशासनिक खर्च तथा व्यवस्थापन बैठक | ४०,०००/- | सूचना प्रकाशन आपूर्तिकर्ता तथा आवेदकको मुल्याङ्कन तथा छनौटको बैठक र अनुगमन मुल्याङ्कन समेत |
| २ | टनेल प्लाष्टिक खरिद | ८,२०,०००/- | नगरपालिकाको ५०% बापत रु ४,१०,०००/- र कृषकको ५०% बापत रु ४,१०,०००/- |
| ३ | एक दिने प्लाष्टिक टनेल खेती प्रविधि सम्बन्धि अभिमुखीकरण तालिम | ५०,०००/- | |

ङ. सांकोप मा.वि. नीलकण्ठ नगरपालिका वडा नं. १२ मा नगर अनुदान कोटाको आधारभुत तह (१-५) मा वितरण गरिएको २ वटा कोटा खारेज गरी १ कोटा पतेनी आधारभुत विद्यालय नीलकण्ठ नगरपालिका वडा नं. ५ र १ कोटा मनकामना देवी आधारभुत विद्यालय नीलकण्ठ नगरपालिका वडा नं. ५ थप गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत